# आर्थिक  बिकास समितिका नितिहरु

## ❖ कृषि

- गाउँ पालिकाको सबै वडाहरुमा आलु खेतिकालागि सम्भावना अध्यन गरि आलु खेति बिस्तार गर्ने ।
- गाउपालिकाको सबै वडाहरुमा बेमौषमि तरकारि खेतिको प्रवाधान अबलम्बन गिरिने ।
- स्थानिय स्तरमै बिज बृदी तथा उत्पादनकालागि समुह वा किसानलाई प्रोतशाहन गरिने ।
- गाउँपालिका भरि सम्भाब्यता अध्यनगरि उसित्तस र उत्तिस भित्र अलैचि खेतिको निति अबलम्बन गरिने ।
- भुगोल र हावा ,पानि अनकुल हिउदे र बर्षे फलफुल खेतिलाई बढवा गर्ने ।
- हिउँदे – आरु,स्याउ,नास्पति ,ओखर)
- बर्षे ( कागति ,सुन्तला  , अम्बा , केरा )
- अपहेलित बालि – कागुनो ,मार्से ,फापर ,जौ, चिनो, कादो) को संरक्षण तथा खेतिलाई प्राथमिक्ता दिइने ।
- घटदै गएको माटोको उत्पादकत्वको ख्याल गरी कृषक ,कृषक समुहको मागको आधारमा माटो परिक्षण शिबिरको ब्यवस्थापन गर्ने ।
- प्राङगारिक खेतिकालागि पहल गरिने छ ।
- गोठेमल ब्यवस्थापनका लागि कृषक स्तरिय तालिम को आयोजना तथा ५०% अनुदानको नितिको अबलम्बन गर्ने ।
- नर्षरी तथा बहु उद्देश्यि नर्षिरी स्थापना तथा ब्यवस्थापन गर्ने ।
- समुह समिति माफर्त मकै पकेटको बिस्तार गर्ने ।
- सिस्नो  तथा लोक्ता खेतिकालागि  किसानहरुलाई प्रोत्साहन गरिने ।
- दलहन बालिको खेति गर्ने निति अब्लम्बन गरिने छ ।
- अपहेलित खाद्यबालिको परिकार प्रदर्शनि गर्ने ।
- कृर्षि तथा पशु मेला प्रदर्शनि गरि उत्कृष्ट कृषकलाई पुरस्कारको ब्यवस्थापन गर्ने ।

- मौरी पालन ,च्याउ खेति ,तोरी खेतिमा किसानलाई आबद्द गराउने ।
- अन्न भण्डारणका किसानाहरुलाई  सिडबिन खरिद बितरण गर्ने ।
- अन्न बालि, तरकारी को उत्पादन बृदी गर्न उन्नत बिउ ,बिजन किसानहरुलाई खरीद बितरण गर्ने ।
- प्रत्येक वडाहरुमा कृषक ( तरकारी , पशु पंक्षि पालन ) समुह ,फार्म बिस्तार गरिने छ ।
- भौगोलिक अध्यन गरी उखु तथा बदाम खेति किसान तथा समुह माफर्त गरिने ।
- माशुमा अत्मा निर्भर तथा निर्यात गर्न
- ब्यावसायिक बाख्रा पालन गर्ने ।
- पडा संरक्षणमा प्रोत्शाहन भत्ताको ब्यवस्थापन गर्ने ।
- कुखुरा, खरायो ,बंगुर तथा मछा पालनमा इच्छुक ब्यावसायिक किसानलाई अनुदान को निति लिईने छ ।
- उन तथा माशु उत्पादन को द्दष्टिले अनकुल भुगोलमा भेडा ,च्याङग्रा पालनमा किसानलाई आकर्षण गर्न चरन तथा घुम्ति चरनको ब्यवस्थापन गर्ने ।
- अण्डामा आत्मा निर्भर , अण्डा उत्पादन तथा निर्यात गर्न ।
- लेयर्स कुखुरा पालन गर्ने गराइने छ ।
- पशु स्वास्थ्यमासुधार ल्याई उत्पादन बढाउन सुबिधा युतm गोठ खोर निरमार्णमा अनुदान को ब्यवस्था गर्ने ।
- पशु बस्तुलाई बाहिरि परजिबि बाट मुक्त पार्न प्रत्येक वडाहरुमा डिपिङ ट्याङकको निर्माण गर्ने ।
- कमशल उत्पादक पशु बस्तुहरुको उत्पादनमा बृदि गर्न उन्नत तथा बर्ण शंकर रागां ,साढे ,बाका भित्र्याउने ।
- गाउँपालिकाको पशु सेवा शाखामा कृतिम गर्भाधान केन्द्रको स्थापना गर्ने ।
- पशु पालन क्षेत्रकमा  पोषिलो आहाराको अभाब मध्यनजर गर्दै चरन क्षेत्रमा घाँष रोपण ,घाँषे मैदान निर्णमाण तथा किसान ,कृषक समुहमाफर्त घाँषे खेति घाँषको पकेट निमार्ण गर्ने ।

- बन जङ्गललाई क्षेति नपुग्ने गरि खर्क ब्यवस्थापनका लागि खर्क क्षेत्रमा बहु बर्षे कोषे घाँषको बिउ छर्ने । तथा घुम्ति चरन पद्धतिको ब्यवस्थापन गर्ने ।
- जैबिक बिभिधता संरक्षणका लागि
- स्थानिय जातिका बाख्रा , भेडा ,गाई ,भैषिको संरक्षण गर्न समुह , फार्मलाई अनुदानको ब्यवस्थान गर्ने ।
- स्थानिय जातिको कुखुरा संरक्षणकालागि कृषकलाई प्रेरित गर्न स्थानिय कुखुरा बितरण गर्ने ।
- गाउँ पालिका स्तरमा प्रत्यक्ष गाउँपालिकाको तथा पशु सेवा शाखाको निर्देशन, निग्रनिमा रहने गरी एक बाख्रा श्रोत केनद्रको स्थापना गर्ने ।
- पशु स्वास्थयको क्षेत्रमा सुधार ल्याउन तथा पशु पालन क्षेत्रको यर्थात अवस्था बारे जानकारि लिन प्रत्येक वडामा एक जना पशु स्वास्थ्य स्वयम सेवकको ब्यवस्थापन गर्ने ।
- माटोको अबलोकन अध्यन गरी पानिको श्रोत उपलब्धता भएको ठाउँमा माछा पालनको लागि इच्छुक सकसानलाई माछा भुरा उपलब्ध गराउने ।
- चेतना मुलक कार्यक्रम – गोष्ठि ,तालिमको आयोजना तथा ब्रोसर ,लिपलेट प्रकाशन ।
- औषधि खरिद – पशु पंक्षि उपचारको लागि ।

## ❖ उद्योग

- मसला उद्योगको स्थापना गर्ने ।
- श्रोत साधनको आधारमा गाउँपालिकाभरि कम्तिमा ३ वटा पmर्निचर उद्मखेग स्थापना गर्ने ।
- नेपालि कागज उद्दोगलाई प्रोतसाहगर्ने ।
- आलु चिप्स , कुटानि पिसानि , जस्ता उद्दोगकोलागि अनुदानको ब्यवस्थापन गर्ने ।
- मिनि दाना उद्दोगको स्थापना गर्ने ।
- छाला प्रोशधनकालागि आवश्यक पहल गर्ने ।

- मोटर ग्यारेजको स्थापना गर्ने ।

### ❖ पर्यटन

- गुफा ताल तलैया ,मठ मन्दिर, emरनाको संरक्षण सम्बर्दन गर्ने ।
- पाहुनाघर निमार्ण गार्ने ।
- स्थानिय कला (डोको , डालो ,नाम्लो ,शिलालेख ) को संरक्षण गर्ने ।
- संग्रहालयको स्थापना घोड सवारको ब्वस्थापन गर्ने ।

### ❖ सहकारि

- गाउँपालिका स्तरिय बहु उद्देश्यिय सहकारि स्थापना गरिने छ ।
- प्रत्येक वडाहरुमा सहकारि स्थावना तथा ब्यवस्थापन गर्ने ।
- उल्लेखित निति बमोजिमका कार्यक्रमहरुमा अनुदानको ब्यवस्था गर्दा
- अनुदान ६०% र किसानको लगानि ४०% को आधारमा अनुदानको अबधारणा अबलम्बन गर्ने ।

## वन ,वातावरण तथा विपद व्यवस्थापन समितिका निति तथा कार्यक्रम

### ❖ वन तथा वातावरण

- वन तथा जंगलको संरक्षण र सम्वद्र्धन गर्ने निति अवलम्वन गरिने छ ।
- वन रक्षकको व्यवस्था गरि वनको संरक्षण गरिने छ ।

- गा.पा.ले विरुवा उपलव्ध गराई वृक्षारोपण कार्यक्रममा सघाउ पु(याउने छ ।
- सडकको छेउछाउमा अनिवार्य वृक्षरोपण गर्ने निति  अवलम्बन गरिने छ ।।
- खानेपानी मुहानको संरक्षणका लागी अनिवार्य वृक्षारोपण गरि मुहान संरक्षणमा टेवा पु–याउने निति लिईने छ ।
- समुदायीक वनमा चरिचरन ५ वर्ष सम्म नगर्ने र नगराउन गा.पा.ले समुदायीक वनलाई अनिवार्य रुपमा पत्राचार गरि समुदायीक वन उप समितिलाई अनुरोध गर्ने निति लिनछे ।
- वन क्षेत्रकको सिमा निर्धारणका लागी सिमाङ्कन गर्न जिल्ला वन कार्यालय वाजुरालाई अनुरोध गर्ने छ ।
- समुदायीक वन जंगलमा रहेकका घाँस, सडेगलेका काठको दाउराको पृर्जी एकरुपता ल्याईने छ ।
- जडीवुडीको खेतीलाई विस्तार गरि आय आर्जनमा टेवा पु–याउने निति गा.पा.ले स्थापना गरेका नर्सरी समुहले अर्धवार्षिक ,वार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी गा.पा.मा पेश गर्ने निति अवलम्वनता गरिने छ ।
- नर्सरीका लागी हावा पानी मौसम सुहाउदो विउविजन उपलव्ध गराउने छ।
- काठ,दाउरा,जडिवुडी,तस्करी गर्ने माथि गा.पा.ले जिल्ला वन कार्यालयलाई सहयोग गरि दण्डित गर्ने निति अवलम्बन गर्ने छ ।
- समुदायीक वन समिति भित्र रहेको प्रति ,वाँझो जग्गा भाडामा लिई गा.पा.ले व्यवसयीक जडीवुडी खेत गर्ने निति अवलम्वन गरिने  छ ।
- धारा,कुवा,मुहान,ताल  ,तलैया,सिमसार क्षेत्र वरिपरि वृक्षारोपण गरि संरक्ष,सम्वर्दधन गरि पर्यटकिय स्थलको निर्माण गर्ने निति गरिनेने छ ।
- वतावरण संरक्षण परिर्वतन ।
- गाउँपालिका भित्र हरेक घरघरमा आधुनिक धुवा रहित गा.पा.ले चुलो बितरण गरि आगामी ४ बर्ष भित्र धुवा मुक्त गा.पा  घोषण गरिने छ ।
- मृत्युकपडा ,फोहरमैला एंवम प्लाष्टिक जन्य पदार्थलाई व्यवस्थापन गरि सफा सुन्दर बस्ति निर्माणको अवधारणा कायम गरिने छ ।

- प्रत्येक घरमा एक **धारा** ,एक चर्पि जुठयान मछ्यान र फोहर व्यवस्थापन खाल्डो अनिवार्य रुपमा निर्माण गर्ने निति अवलम्वन गरिने छ ।
- सार्वजनिक स्थानमा मध्यपान तथा धुम्रपान नगर्ने र नगराउने कार्यक्रम लागु गरि दण्ड जरिवाना गरिने निति अवलम्बन गरिने छ ।
- जथाभवि रुपमा वातावरण प्र्भाव पार्ने ि व्यक्ति वा समुहलाई दण्ड जरिवाना गर्ने निति लागु गरिने छ।
- नर्सरी व्यवस्थापनको कार्यमा उत्कृष्ट कार्य गर्ने कृषकलाई पुरुस्काको निति अवलम्वन गरिने छ ।
- आ.वि.र मा.वि. मा सेनेष्टी प्याडको व्यवस्थापन रहित महिला मैत्री शौचालय निर्माण गर्ने निति लिइने छ ।
- पोर्सो व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिई अन्य टोलमा पोर्सो व्यवस्थापन कार्यक्रमलाइ विस्तार गर्ने निति अवलम्वन गरिने छ ।
- नर्सरी व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिई आवश्यकता पशिचान गरि अन्य वडामा नर्सरी व्यवस्थापन कार्यक्रमलाई स्थापना गरिने छ ।
- सार्वजनिक स्थानमा फोहर मलाई भन्ने डष्वीन राखि फोहर मैला सम्वधि जनचेतना कार्यक्रम गाउँ टोलमा संचालन गर्ने निति अवलम्वन गरिने छ ।
- फोहरमैला व्यवस्थापनको पाटो भए नभएको गा.पा. ले अनुगमन गर्ने छ ।
- सार्वजनिक ठाउमा सुर्तीजन्य विडी ,चुरोट खुल्ला रुपमा खान नपाउने निति अवलम्वन गरिने छ ।
- खानेपानी उपभोक्ता समुहले अनिवार्य रुपमा मुहानमा डालेघाँस वृक्षारोपणका अवधारण ल्याईने छ ।
- टोल वस्तीको प्रत्येक घरमा चर्पी जुठयान मछान र फोहर व्यवस्थापन खाल्डो अनिवार्य रुपमा निर्माणको निति कायम हुने छ ।
- फोहर मैला तथा ढल व्यवस्थापन
- सार्वजनिक ठाउँमा डसविनको व्यवस्था गर्ने निति कायम हुने छ ।
- वस्ती स्तरमा फोहर मैला सम्वन्धी निरन्तरता रुपा अनुगमन गर्ने निति लिईने छ ।

- जल उत्पन्न प्रकोप नियन्त्रण
- मानव  जोखिम वस्तीको अनुगमन र सुपरिवेक्षण गदै गा.पा.को प्रत्येक टोल वस्तीमा तटवन्धनको अवधारणा ल्याउने निति कायम गर्ने ।
- पर्यटन क्षेत्र वन क्षेत्र लगायतका प्रत्यक क्षेत्र क्षेति हुने क्षेत्रलाई पहिलो प्राथमीकरण दिने निति अवलम्वन गर्ने छ ।
- टोल वस्तीको प्रत्येक घरमा चर्पी जुठयान मछान र फोहर व्यवस्थापन खाल्डो अनिवार्य रुपमा निर्माणको निति कायम हुने छ ।
- यस गा.पा. को गुइ्रवन गुम्लागाउँ , धनाल्त ,अदारुवा , चास्ला, कोलडाडा, पहिरो भू बिशेषज्ञद्धारा अध्ययन गराई प्रदेश देखि संघिय सम्म योजना लिनका लागि निति कायम गरिनेछ ।

## ❖ बिपद ब्यवस्थापन

- बिपद पूर्ब तयारीका लागि प्रत्यक टोल बस्ति सहजिकरण तालिम आयोजना गर्ने निति लिईने छ ।
- बिपद पूर्ब तयारी सामान खरिद गरि प्रत्यक बडामा वडा स्तरिय बिपद ब्यवस्थापन समिति गठन गर्ने र सामान खरिद गरि वडामा बितरण गरिने छ ।
- जेखिम बस्तिको पहिचान गरि गुईवन , गुम्लागाउँको ७८ परिवारलाई बस्ति बिस्तार गर्ने निति लिई जसका लागि प्रदेश र संघमा पहल गरिने छ ।

- गा.पा.र वडामा बिपद राहत कोषको ब्यवस्था गरिने निति अवलम्बन गरिने छ ।

## पूर्वाधार विकास समितिले तय गरेका नीति तथा कार्यक्रम

### ❖ स्थानीय सडक पुल तथा झोलुगें पुल

- सवै वडा केन्द्रलाई सडक सन्जालमा जोड्ने ।
- अगामी बर्षभित्र केन्द्रबाट गाउँपालिका सवै वडा केन्द्र जोड्ने सडक स्तरोन्नती गरि बारै महिना गाडी चल्न सक्ने वनाउने सो को लागि बल्दे

आटीचौर ,थामलेक सडक स्तरोन्नतिका लागि गाउँपालिका मार्फत प्रदेस र संघीय सरकारमा आवश्यक पहल गर्ने ।

- पोर्साता माटेसागु हुदै वडा नं. १ काडासम्म ट्याक खोल्ने कामलाई प्राथमिकता दिने ।
- गाउँपालिका भित्र रहेका सडक खन्डमा बर्षातको समयमा सुचारु रुपले सञ्चालन गर्न खोलानालामा कजवे ,ड्ाईभर्सन निर्माण गर्ने ।
- थामलेक जाडगुदु गुदु धनाल्त ,पुडावावला जोड्ने सडक, डाव खप्तड पर्यटन मार्ग र घटालेश्वरी हुदै छडीपाताल सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- चौखुट्टे,हातेलेक,गुम्लागाउँ सडक, गुईवन हाटवजार गुदुखाती सडक र विडेपाटा सिम्पाटा,भिडेतोला सडक निर्माणमा जोड दिईनेछ ।
- अन्य स्थानीय तहसंग जोडिएका सडकहरुको सम्वन्धमा सम्वन्धित स्थानीय तहसंग समन्वय गरि सडक निर्माण तथा स्तरोन्नति कार्य गरिनेछ ।
- थामलेक ,जयवागेश्वरी,पुडावाउला गुदुखाती,आटीचौर हुदै डोगडी जोड्ने सडकलाई रिङरोडको अवधारणा दिई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाको सडक गुरुयोजना निर्माण भईसकेकोले सो ख्ष्ििबनभ त्वबकउयचतबतष्यल ःबकतभच एबिल बमोजिमका सडक निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- गा.पा. भित्र रहेका नियमित आवत जावत गर्ने आवश्यक स्थानमा झोलुङ्गे पुलको ब्यवस्था गरिनेछ ।
- विद्यालयका बालवालिकाहरुलाई आवत जावत गर्न तथा आवश्यक ठाउँमा गोरेटो बाटोलाई सुधार गरिनेछ ।
- बर्षातको समयमा अधिकांश चलनचल्तीमा रहेका स्थानमा काठेपुलको ब्यवस्था गरिनेछ ।

## ❖ सिचाई

- गाउँपालिकाका सवै वडाहरुको जलश्रोत गुरुयोजना निर्माण गरिनेछ ।
- क्रमागत सिंचाई योजनाहरु निरन्तरता दिईनेछ । कम लागत बढी जनसंख्या लाभान्वित हुने र बढी कृषि योग्य  जमीन भएको सिचाई कुलो निर्माणलाई बढी प्राथमिकता दिईनेछ ।
- आकासे टंकी, प्लाष्टिक पोखरी, सिंचाई पोखरी जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
- भबन निर्माण आचार संहिता  लागु गरी निर्माण कार्यलाई व्यवस्थित र नियमन गरिनेछ ।
- गाउँपालिका भबन र वडा कार्यालय भबन निर्माण कार्य थालनी गरिनेछ ।
- बी.पी. सुरक्षित आवास गृह निर्माण कार्य लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र रहेका बिद्यालयहरुलाई आवश्यकता हेरी बिद्यालय भबन , छात्राबास भवन  निर्माण कार्य लाई जोड दिईनेछ ।
- गाउँपालिका भित्र सार्वजनिक सामुदायिक भवन निर्माण कार्य गरिनेछ । स्थानीय पुरातात्वीक सामग्री तथा पुराना वस्तुहरुको संरक्षण गरी संग्रहालय निर्माण गरिनेछ ।
- अन्य स्थानीय तहसँग जोडिएका सडक सीमामा सीमाना गेट क्रमै संग निर्माण गरिनेछ ।

## ❖ उर्जा

- गाउँपालिका भित्र रहेका सवै लघु जलविद्युत हरुलाई व्यवस्थित र नियमन गरीनेछ ।

- सबै ल.ज.वि. हरुको कार्यमा एकरुपता ल्याई गा.पा. स्तरीय ल.ज.वि.सञ्जाल गठन गरीनेछ ।
- निर्माणाधीन ल.ज.वि. लाई निरन्तरता दिईनेछ । विद्युतको पहुँच नपुगेका बस्ती हरुमा बत्तीको पहुच पुर्याउने र वैकल्पिक उर्जा सोलारको समेत व्यवस्था पुर्याईनेछ ।
- बिद्युत सेवा नपुगेका संस्थागत क्षेत्रमा सोलारको व्यवस्था मिलाईनेछ ।
- सिउन गाड ल.ज.वि.र कचला जार खोला ल .ज. वि. लाई निरन्तरता दिईनेछ ।
- स्वच्छ भान्छाको अवधारणा बमोजीम सुधारिएको चुलो, सोलार ,टुकी ,गोवर ग्यास प्लान्ट , बिरकेट निर्माण जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
- मोबाईल सेवालाई गुणस्तरीय बनाउन पहल गर्ने र ल्यान्डलाइन फोन सेवा जडानका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- सबै वडालाई ईन्टरनेट सुविधा र एफ.एम.को पहँुचमा पुर्याउन आवश्यक पहल गरिनेछ ।

## सामाजिक विकास समितिका नीति र कार्यक्रम

### ❖ शिक्षा

- करार शिक्षकहरुको सेवा सुविधा तहगत रुपमा समान गरिनेछ ।
- विद्यालय खुल्ने समयमा अनिवार्य रुपमा अनुगमनको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा ई.हाजिरीको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था गरिनेछ ।
- निजि तथा निजायत शिक्षकलाई पोशाकको व्यवस्था गरिनेछ ।
- निजि तथा अस्थाई र राहात शिक्षकहरुलाई खाई पाई आएको त.भ. बाट १० प्रतिशत र गा.पा. बाट १० प्रतिशत गरि सञ्चय कोषको व्यबस्था गरिनेछ ।

- गा. पा. स्थित  सबै विद्यालयमा सिकाई उपलब्धि र हाजिरीको आधारमा मूल्याङ्कन गरी  बार्षिक ५ जना शिक्षक÷शिक्षिकालाई पुरस्कारको व्यबस्था गरिनेछ
- प्रत्येक टोलमा ५ कक्षा सम्मका विद्यार्थीहरुका लागी अतिरिक्त कक्षा र होमवर्क क्लव को व्यबस्था गरिनेछ ।
- प्रत्येक घरमा बालबालिकालाई पढ्ने कोठाको छुट्टै व्यबस्था गर्न अभिभावक शिक्षा संचालन गरिनेछ ।
- गा.पा. स्तरिय प्राविधिक शिक्षालयको स्थापना गरिनेछ  ।
- गा.पा. स्तरिय क्याम्पसको स्थापना गरिनेछ ।
- गा.पा.स्तरिय सिकाइ मेलाको आयोजना गरिनेछ ।
- प्रत्येक विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला र सूचना केन्द्रको व्यवस्था गरिनेछ ।
- गा.पा. स्थित विद्यालयहरुको सिकाई उपलब्धि को आधारमा बर्षमा २ विद्यालयलाई शौक्षिक भ्रमणका लागी सहयोग गरिनेछ ।
- सबै विद्यालयमा बालमैत्रि,अपाङ्गमैत्रि किशेरकिशोरीमैत्रि खानेपानि तथा शौचालयको अनिवार्य व्यबस्था गरिनेछ ।
- परिक्षामा एकरुपता ल्याउन गा.पा.स्तरिय परिक्षा संचालन गरिनेछ ।
- भमगअबतष्यल मष्बयिन अयलखभचकबतष्यल शैक्षिक संवाद,वहस कार्यक्रम प्रत्येक विद्यालयमा संचालन गरिनेछ ।
- विद्यादयमा अभिभावक÷निरिक्षक हाजिरी पुस्तिका तयार गरि हाजिरीको आधारमा वर्षको अन्तमा पुरस्कारको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा सर्वशुलभ माध्यमबाट संचारको पहुँच पु-याउनका लागी ईन्टरनेट सहितको टावर जडान गरिनेछ ।
- २५ देखी ४० बर्षका युवा ÷युवती हरुलाई व्यबसायिक तालिम दिई व्यवसाय संचालन गर्न शैक्षिक ऋण÷कर्जाको व्यबस्था गरिनेछ ।
- सामुदायिक वा निजि स्रोत बाट संचालन गरिएका बाल विकास केन्द(इ.सी.डी.) निरन्तरता दिईनेछ ।
- प्रत्येक विद्यालयमा खाजा घरको व्यवस्था गरिनेछ ।
- गा.पा .मा निर्माण हुने सबै विद्यालय भवनहरु भूकम्प रहित र एउटै आकारको हुनेछन् ।

## ❖ स्वास्थ्य

- गा.पा. का स्तरिय बर्षमा १ पटक .स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- वडा न. ६ र ३ मा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरिनेछ ।
- वडा न. २ को पिपलगाँउ भाँडी, वडा न. ४ को गुइवन गुम्लागाँउ र वडा न. ३ को धनाल्तमा सब वर्थिङ सेन्टरको स्थापना गरिनेछ ।
- प्रत्यक टोलमा २÷२ वटा स्टेचर खरिद गरिनेछ ।
- गा.पा. भरिमा ४०० वटा न्यानो झोला खरिद गरि वितरण गरिनेछ ।
- करारमा कार्यरत स्वास्थ्यकर्मीलाई पोशाकको व्यबस्था गरिनेछ ।
- स्वास्थ्य स्वंम सेविकाहरुलाई प्रोत्साहन भत्तामा एकरुपता गराई उपलब्ध गरिनेछ ।
- डोगडि र आटिचौर स्वास्थ्य चौकिमा ल्याव संचालनको व्यवस्था गरिनेछ ।
- घन्टे सेवा दिने अ.न.मि. लाई प्रोत्साहन भत्ताको व्यबस्था गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- सबै प्रसुति गृहमा स्वीपरको व्यबस्था गरिनेछ ।
- घरमा हुने सुत्केरी संख्यालाई शुन्यमा झार्नका लागी व्यवस्था गरिनेछ ।
- गा.पा. स्तरिय आइस प्याक तथा भ्याक्सिन जमाउने फ्रिजको व्यबस्था गरिनेछ ।
- प्रसुती भवनमा शोलार को व्यवस्था गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थमा फोहोरमैलाको व्यबस्थापनका लागी खाल्डो र प्लेसन्टा पिट को व्यवस्था  गरिनेछ
- प्रत्येक टोलमा फोहोरमैला व्यवस्थापनको लागी कन्टेनरको व्यवस्था गरिनेछ ।
- नयाँ महिला स्वास्थ्य स्वंम सेविकाहरुको छनोट गर्दा कम्तीमा एस.ई.ई परिक्षा उतिर्ण भएका महिलाहरुलाइ मात्र छनोट गरि तालिमको व्यवस्था गरिनेछ साथै  एस.ई.ई उतिर्ण नभएका पुराना स्वंम सेवकहरुलाई सम्मनजनक विदाई गर्ने

- प्रत्येक स्वास्थ्य चौकिमा सेवा प्रवाहका लागी औषधि खरिद र ढुवानी गर्नका लागी सम्बन्धित स्वास्थ्य चौकिलाइ नै जिम्मेवारी दिईनेछ ।
- जटिल गर्भवति महिलाई रेफरको व्यवस्था गरिनेछ ।
- विषेश खालका विरामीहरुलाई जस्तै मृगैला,क्यान्सर,मुटुरोग,प्यारालाईसिस जस्ता रोगीका लागी औषधि उपचार खर्चको लागि सहयोग गरिनेछ ।
- स्वास्थ्य र सरसफई सम्बन्धि जनचेतनामुलक कार्यक्रम को व्यवस्था गरिनेछ ।
- मोवाईल स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा कम्प्युटर डिस टि.भि.को व्यवस्था गरिनेछ ।
- प्रत्येक स्वास्थ्य सस्थामा शौचालय र खानेपानिको व्यबस्था गरिनेछ ।
- सुन्दर बस्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ र एक घर एक करेसाबारीको लागी विउविजन सहितको व्यबस्था गरिनेछ ।
- दुई सन्तान मात्र जन्माई स्थाई बन्ध्याकरण गरेका अभिभावकलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्था नजिक साझा मेडिकल स्थापना गरि सहयोग गर्ने ।

### ❖ खानेपानी

- समुदायमा रहेका ढुङ्गे धाराको मर्मत सम्भारको व्यवस्थागरिनेछ ।
- समुदायमा रहेका पुराना मुलहरुको संरक्षण गरिनेछ ।
- खानेपानि बनाउदा एक घर एक धाराको अवधारण को व्यबस्था गरिनेछ ।
- प्रत्येक खानेपानी उपभोक्ता समुहका कम्तिमा १ जनालाई पलम्बर तालिम दिई पलम्बरको व्स्था गरिनेछ
- खानेपानिको पहुँच बाट टाढा रहेका समुदायलाई सौर्यउर्जा तथा विद्युतिय माध्यमबाट खानेपानिको व्यवस्था गरिनेछ ।
- शुद्ध खान्पानी प्रयोगका लागी एक घर एक फिल्टरको अवधारण ल्याई ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा खानेपानिको व्यवस्था गरिनेछ ।

- जिर्ण रहेका खानेपानी धाराको मर्मतको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा वडास्तरिय खानेपानी उपभोक्ता संञ्जाल गठन गरिनेछ ।
- निजि धाराको अबधारण ल्याईनेछ ।

## ❖ संस्कृती प्रर्वद्धन

- पुराना संस्कृतिहरु (दशै,भूवाचाली,अनेन्ते मेला ,विषु,पैठ) जोगाउन आबश्यक सहयोग गर्ने ।
- मठ मन्दिरहरुमा आश्रमस्थल,शौचालय,खानेपानि र फोहोर खाल्डो निर्माणको व्यवस्था गरिनेछ ।
- देवस्थलहरुको संरक्षणका लागी घेरवारको व्यबवस्था गरिनेछ ।
- गा.पा.स्तरिय एउटा संग्रलयको व्यवस्था गरिनेछ ,
- जिर्ण रहेका मन्दिरहरुको जिर्णोउद्धार गरिनेछ ।
- सार्वजनिक चौताराहरुको निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा १÷१ वटा सरस्वती मन्दिर निर्माण गरिनेछ ।
- गा.पा. स्तरिय देउडा प्रतियोगिता को आयाोजना गरिनेछ ।

## ❖ खेलकुद

- गा.पा. स्तरिय खेलमैदानका लागी दशरथ मा.वि मा खेलमैदानको स्तर उन्नति गरिनेछ ।
- प्रत्येक वडामा खेलमैदानको व्यवस्था गरिनेछ ।
- राष्टिय स्तरका खेलकुदलाई बढावा दिई अन्य खेलकुद (कराँते,तेक्कान्दो,बक्सिङ) आदी खेल प्रशिक्षको व्यवस्था गरिनेछ ।
- बालविकास केन्द्र का बालबालिकाहरुलाई बालमैत्रि मनोरञ्जनका साधनहरु उपलब्ध गराईनेछ ।
- वडा र गा.पा. स्तरिय खेलकुदको आयोजना गरिनेछ ।
- राष्ट्रपति÷पउराष्ट्रपति रनिङ्ग शिल्डमा सहभागी हुने विद्यालयलाई आर्थिक सहयोगको व्यवस्था गरिनेछ

## ❖ लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण

- महिलाहरुलाई.आधुनिक प्रविधिको प्रयोग बाट भागो अल्लो को कपडा बुनाइका लागी मेसिनको खरिद गरिनेछ ।
- विपन्न,गरिब,असहाय,अपाङ्ग महिलाहरु गरि कम्तिमा पनि ३५ जनालाई हातेहोजियारी तालिमको व्यवस्था गरिनेछ ।
- महिलाहरुलाई सिकर्मी डकर्मी तालिमको व्यवस्था गरिनेछ ।
- बालविबाह,बहुविवाह,छाउपडि,जातिय छुवाछुतजस्ता कुरुतिलाई निरुत्साहित गर्न जनचेतना मुलक अभियान संचालन गरिनेछ ।
- स्नातक तह पास गरेका छोरीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामाजिक कुरिति परिवर्तन गरेका परिवारलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- गा.पा.स्तरिय सुरक्षित आवास गृहको व्यवास्था गरिनेछ ।
- उद्यमी महिलाहरुलाई अध्ययन अवलेकन भ्रमण को व्यवस्था गरिनेछ ।
- एच. आइ. भि. एड्स बाट पिडित परिवारलाई आयआर्जनमुलक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- वञ्चित अपाङ्गहरुलाई प्रोत्साहको व्यवस्था गरिनेछ ।
- जेष्ठनागरिक ÷एकल महिलाहरुलाई सम्मानजनक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- गा.पा. भरिमा कम्तिमा पनि ३५ जना महिलाहरुलाई सेनिटरी प्याड बनाउने तालिको व्यवस्था गरिनेछ ।
- गा.पा. भरिमा कम्तिमा २१ जना महिलाहरुलाई सिपमुलक तालिम(बासका मुडा,बास फर्निच)को व्यबस्था गरिनेछ ।
- बाल श्रमशोषणमा परेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि घर फर्काउ अभियानको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाका बालअधिकार÷महिला अधिका सम्बन्धि अभिमुखिकरण गोष्ठि संचालन गरिनेछ ।

## वित्तिय व्यवस्थापन र शुसासन तथा संस्थागत विकास सेवा  प्रवाह समितिका निति तथा  कार्यक्रम

- आ.ब २०७५।७६ मा करका दायराहरु बढाउदै लगिने छ ।
- एकिकृत सम्पति कर गाँउपालिका भरी लागु गर्ने निती अबलम्बन गरीने छ ।
- गाउँपालिकाको आर्थीक ऐनलाई संसोधन गरी मालपोत,उद्योग व्यवसायकर र सिफारिस दस्तुरहरुमा बृद्धि गरीने छ गाँउपालिका क्षेत्र भित्र रहेका नदिनाला बाट ल्याइने बालुवा,ढङ्गा गीट्टी,र माटोमा रोयल्टी आ.ब २०७५।७६ देखी लागु गर्ने निती लिइने छ ।
- कवाडी कर लिइने छ ।
- निर्वाचित र कर्मचारीहरुलाइ नेतृत्व विकास र क्षमता अभिवृद्धि तालिम र अध्यायन भ्रमण को व्यवस्था गरिने छ ।
- जनप्रतिनिधि संग जनता र जनता संग प्रहरी भन्ने गाँउपालिकाको मुलनारा बनाई सुरक्षा व्यवस्थामा जोड गरीने छ । वडामा आवश्यकता अनुसार अस्थायी प्रहरी कार्यालय स्थापना गरीने छ ।
- नेट इन्टरनेट सेवा सुविधा गाँउपालिका स्तरमा सुचारु गर्नमा जोड दिइने छ ।

- स्थानिय पत्रपत्रिका र स्थानिय रेडियो एफ.एम मार्फत गाँउपालिकाका कार्यक्रम  जनता माझ सुचना प्रकासना गरिनेछ ।
- गाँउपालिका बासीका हात हातमा सेवा सुविधा र सुचना पु¥याउन विद्युतिय प्राणाली माध्यम बाट गाँउपालिकाको मोवाइल एप्प निर्माण गरीने छ ।
- गाँउपालिका स्तरमा डिजिटल सुचना पार्टी जडान गरी गाँउपालिकामा सम्पन्न गरेका कार्यक्रमहरुको सुचनाहरु प्रस्तुतकालागी सेट गरिने छ ।
- नागरीक वडापत्र विद्युतिय मध्यमबाट चित्रको रुपमा राखिने छ ।
- गाँउपालिका स्तरमा टोल फ्री नम्मर लागु गरीने छ ।
- गाँउपालिका स्तरका टोल टोलमा होडीङ्ग बोर्ड, पारदर्सी बोर्ड, सुचना पार्टी र सीमाना बोर्ड निर्माण गरीने छ ।
- गाँउपालिका तथा वडाहरुमा सुझाव पेटीका स्थापना गरी महिनामा कम्तिमा १ पटक मुचुल्का बनाइ खोलिने छ ।
- गाँउपालिका स्तरमा जाँड, रक्सी, जुवातास, प्रतिबन्ध गर्ने निति ल्याइने छ ।
- बालविवाह बहुविवाह छाउपडि प्रथा घरेलु हिङ्गसा लैगीक समानता जास्ता कुरीती कुसस्कारको अन्त्य गरीने छ ।
- गाँउपालिका स्तरीय महिला,दलित,बाल सञ्जाल,अपाङ्ग,र जेष्ठ नागरीकको सञ्जाल गठन गरी क्षमता बृदि गरीने छ ।
- कुसस्कार रुपमा समाजमा जरा गाडेको व्याप्त जातिय छुवाछुत तथा विवेदको अन्त्य गरीने छ । सो कार्यका लागी दलित तथा गैर दलित जनप्रतिनिधि र विभिन्न सरोकारवालाले विषेश खालको भुमिका निर्वाह गरिने छ ।
- व्यक्तिगत घटना (जन्म ,मृत्यु, बिवाह, बसाँइसराई,र सम्बन्ध विच्छेद)दर्तालाई आगामी वर्ष देखी अनलाइन मार्फत रेकर्डीङ्ग र रिपोटिङ्ग गराउने र घटना घटेको ३५ दिन भित्र दर्ता नगनेलाई जरीवाना लगाइने छ ।
- सार्वजनिक सुनाइ र सामजिक लेखापरिक्षण कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

- गत वर्षको बेरुजु फ्रछयौटका लागी आवश्यक प्रक्रिया अनुसार असुल उपर गराइने छ । अबका दिनमा नियमानुसार बेरुजु नआउने गरी प्रक्रिया अनुसार कामकाज गराइने छ । उपभोक्ता समितिलाई कार्य सञ्चालन हुनभन्दा अघी तालिम गोष्ठीको व्यवस्था गरीने छ ।
- गाँउपालिका स्तरीय सरकारी एवम गैरसरकारी संघसस्थाले सेवा प्रभाहमा छिटो छरितो गर्ने निति लिई कार्य सञ्चालनमा जोड गरीने छ ।
- गाउँपालिका भरीका सवारी साधन (टयक्टर, जिब,मोटरसाइकल ट्रक , भ्याकुलोडर स्काइभेटर र अन्य) हरुलाई गाँउपालिकामा आवद्ध गराइने छ ।
- गाँउपालिकाका सवारी साधनहरुको गाँउपालिका स्तरीय समिति गठन गरी दर रेट तय गरीने छ ।
- असल साशन कल्वहरु स्थापना र विस्तार गरिने छ
- विभिन्न सुमह संस्थाहरुलाई वडा कार्यालयमा आवध्य गराउने छ ।
- ठेक्का पट्टा ईजाजत पत्र कम्पनि प्रा.लि. ठुला साना उद्योगहरु ईटा,बल्क जस्ता दर्ता गराइने छ ।
- यस गाँउपलिकामा खनिज धातु, चुनढुङ्गगा, फलाम तामा खानी आदीको अनुसन्धान गराईने छ ।
- भागो अल्लो लोक्ता निगालो लाई विशेष प्राथमीक्ता मा राखी स्थानिय श्रोत साधन प्रयोगमा ने छ । साना उद्योग सञ्चालनमा प्रयोगमा ल्याई करको दायरामा ल्याइन्छ ।
- यस गा.पा. स्तरीय करारमा रहेका कर्मचारीहरको तहगत सेवा सुविधामा एकरुपता ल्याईनेछ ।